# आर्थिक वर्ष २०६८–६९ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता

नेपाल सरकार
अर्थ मन्त्रालय
२०६८

# संविधानसभा (व्यवस्थापिका–संसदको कार्य संचालन) नियमावली, २०६५ को नियम ८९(२) मा व्यवस्था भए बमोजिम माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले २०६८ साल असार ८ गते बुधवार व्यवस्थापिका–संसदको बैठकमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०६८–६९ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता

नेपाल सरकार
अर्थ मन्त्रालय
२०६८

**Website: http//www.mof.gov.np**

**सम्माननीय सभामुख महोदय,**

१ संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको आगामी आर्थिक वर्ष २०६८।६९ को विनियोजन विधेयक व्यवस्थापिका–संसदमा प्रस्तुत गर्नु पूर्व संविधानसभा (व्यवस्थापिका–संसदको कार्य संचालन) नियमावली, २०६५ को नियम ८९ को उपनियम (२) बमोजिम विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता पेश गर्न उपस्थित भएको छु । बजेट आउनु पूर्व यसका सिद्धान्त र प्राथमिकता व्यवस्थापिका–संसदमा प्रस्तुत गरी छलफल गर्ने र संसदको सुझाव समेतलाई मनन गरी अर्थमन्त्रीले बजेट ल्याउने लोकतान्त्रिक अभ्यास संविधानसभाको निर्वाचन पछि पहिलोपटक हुन लागिरहेको छ । बजेटका सिद्धान्त र प्राथमिकता यस गरिमामय संसदमा प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । यस्तो ऐतिहासिक अवसर उपलब्ध गराइदिनु भएकोमा सम्माननीय सभामुखज्यू, माननीय सभासदज्यूहरु र सबै राजनीतिक दलका नेताहरुप्रति आभार प्रकट गर्न चाहन्छु ।

२ संविधानसभाको निर्वाचनपछि आर्थिक वर्ष २०६५।६६ को बजेट २०६५ असोजमा मात्र व्यवस्थापिका–संसद समक्ष पेश भएको थियो । आर्थिक वर्ष २०६६।६७ को बजेट २०६६ असारमै पेश भएता पनि २०६६ मंसिरमा स्वीकृत भएको थियो । चालू आर्थिक वर्ष २०६७।६८ को लागि २०६७ मंसिरमा अध्यादेश मार्फत बजेट प्रस्तुत भै २०६७ फागुनमा मात्र व्यवस्थापिका–संसदबाट स्वीकृत भएको थियो । यसरी लगातार तीन वर्षदेखि समय मै बजेट नआउँदा कार्यान्वयन फितलो हुँदै गएको छ । बजेट जस्तो अपरिहार्य र संवेदनशील विषयमा पनि मुलुकका राजनीतिक दलहरु बीच सहमति कायम हुन नसक्दा आर्थिक विकासको गति सुस्त हुन पुगेको छ ।

३ विगत तीन वर्षदेखि आर्थिक वर्षको शुरुमा नै बजेट नआउँदा आर्थिक वृद्धि, रोजगारी सिर्जना, भौतिक पूर्वाधार निर्माण लगायतका सम्पूर्ण आर्थिक क्षेत्रहरुमा प्रतिकूल प्रभाव पर्न गएको छ । सरकारी लगानीमा सुस्तता आएको छ । खासगरी पूँजीगत खर्चले लक्ष्य भेट्टाउन सकेको छैन । विनियोजित बजेट खर्च हुन नसक्दा बजारमा तरलताको अभाव देखिएको छ । राजस्व संकलनको लक्ष्य प्राप्ति कठिन बन्दै गएको छ । निजीक्षेत्रको लगानीका लागि विश्वासको वातावरण तयार हुन नसक्दा अर्थतन्त्र संकुचित हुन पुगेको छ ।

**सम्माननीय सभामुख महोदय,**

४ यस पृष्ठभूमिमा बजेट बारेको अनिश्चितता र अन्यौललाई चिर्दै विगतका समस्या फेरि दोहोरिन नदिन सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोगको सिफारिस तथा आर्थिक क्षेत्रका विज्ञ एवं व्यवसायिक समुदायको सुझाव बमोजिम बैशाख र जेठ महिनामा बजेट पेश गर्ने तयारी भएको थियो । तर, राजनीतिक दलहरुका बीचमा सहमति बन्न नसक्दा यो प्रयास पनि सफल हुन सकेन । यद्यपि राजनीतिक दलहरुका बीचमा बनेको सहमतिको परिणामस्वरुप संविधानसभाको कार्यकाल थप भएको छ । साथै, समयमै बजेट ल्याउन पनि सहमति भएकोले पूर्व बजेट छलफल हुन  लागिरहेको छ । यो छलफल प्रारम्भ हुनुले बजेट समयमा आउने छ भन्ने आशाको सञ्चार भई अर्थतन्त्रमा नयाँ ऊर्जा प्राप्त हुनेछ र आर्थिक क्रियाकलापमा गतिशीलता आउने तथा लगानीको वातावरण शुरु हुने विश्वास लिएको छु ।

५ नेपालको अन्तरिम संविधान, २०६३ ले निर्दिष्ट गरेको राज्यको निर्देशक सिद्धान्त र नीति, त्रिवर्षीय योजनाको आधारपत्र, प्रमुख राजनीतिक दलहरुको घोषणापत्र, सरकारले भर्खरै जारी गरेको स्वेतपत्र, संविधानसभाका माननीय सभासदहरुको भावना, विभिन्न ब्यक्ति, समूह र संघ संस्थाबाट प्राप्त भएका सुझाव र क्षेत्रगत मन्त्रालयहरुबाट प्रस्तावित नीति तथा कार्यक्रमलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमाको आधारशीलाको रुपमा लिएको छु ।

६ सर्वप्रथम शान्ति प्रक्रिया र संविधान निर्माणमा स्रोतको यथेष्ट ब्यवस्था गरिनेछ । आर्थिक–सामाजिक रुपान्तरणको मार्ग प्रसस्त गर्न अर्थतन्त्रलाई गतिशीलता दिई उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, मूल्य वृद्धि नियन्त्रण गरी जनतालाई राहत दिने, प्राप्त आर्थिक उपलब्धिको न्यायोचित वितरण गरी गरीबी र असमानता घटाइ सामाजिक न्याय स्थापित गर्ने, सन्तुलित र समावेशी विकासको आधारशीला खडा गर्ने, ब्यापक मात्रामा रोजगारी सिर्जना गर्ने र कृषि तथा उद्योगको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट केन्द्रित हुनेछ । निर्माणाधीन भौतिक पूर्वाधार आयोजना छिटो सम्पन्न गर्ने र चाँडै सम्पन्न हुने तथा तुरुन्त प्रतिफल प्राप्त गर्न सकिने आयोजना छनौट गरी शुरु गरिनेछ । सरकारले घोषणा गरेको ऊर्जा संकट निवारण कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक स्रोत जुटाइनेछ । खेर गइरहेको मानवीय, प्राकृतिक र आर्थिक स्रोतलाई उत्पादक शक्तिको रुपमा सशक्त ढंगमा परिचालन गर्न सहकारी अभियानलाई तीब्रता दिइनेछ । आगामी आर्थिक वर्षको बजेटमा मूलतः पूँजी निर्माण तथा उत्पादन वृद्धिलाई उच्च प्राथमिकता दिइनेछ । सार्वजनिक वितरण प्रणालीमा सुधार र सुशासनको प्रवर्द्धनमा विशेष ध्यान दिइनेछ । महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुसलमान, बादी, लोपोन्मुख जाती, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय तथा पिछडिएका क्षेत्रका समस्याहरुलाई सम्बोधन गर्ने गरी लक्षित कार्यक्रम संचालन गरिनेछ ।

७ शान्ति प्रक्रियालाई पूर्णता दिने र संविधान निर्माण गर्ने प्रमुख कार्यभार पूरा गर्नुको साथै आर्थिक विकासलाई तीब्रता दिन वर्तमान सरकार प्रयत्नशील छ । हामीले विगतमा ठूलठूला राजनीतिक क्रान्ति सम्पन्न गरेका छौं । तर, राजनीतिसँगै आर्थिक विकासको मुद्दाले प्राथमिकता पाउन नसक्दा हाम्रो देशको आर्थिक अवस्था पछाडि परेको छ । त्यसैले, अब आर्थिक क्रान्ति सम्पन्न गरी नेपाललाई समृद्ध राष्ट्र बनाउने वेला आएको छ । यसर्थ, आर्थिक क्षेत्रमा ब्यापक सुधार गरी त्यसको प्रतिफल आम जनताले अनुभूति गर्ने वातावरण बनाइनेछ । यथार्थमा आर्थिक समृद्धिबाट मात्र आम जनताको जीवनमा सुखद परिवर्तन ल्याई राजनीतिक उपलब्धिलाई दिगो बनाउन सकिन्छ । यहि नै जनताको वलिदानपूर्ण संघर्षबाट प्राप्त भएको गणतन्त्रको उपहार हुने विश्वास लिएको छु ।

**सम्माननीय सभामुख महोदय,**

८ बजेटको सिद्धान्त र प्राथमिकता पेश गर्नु अघि चालू आर्थिक वर्ष २०६७।६८ को हालसम्मको आर्थिक स्थितिको संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु । माननीय सभासदज्यूहरुलाई उपलब्ध गराईएको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको पुस्तिकामा २०६७ चैतमसान्तसम्मको तथ्यांक उल्लेख गरिएकोमा हिजो साँझ अवेर गरी २०६८ बैशाख महिनासम्मको तथ्यांक प्राप्त हुन आएकोले सोही बमोजिम संशोधन गरिएका बुँदाहरु त्यसै साथ संलग्न गरिएको ब्यहोरा जानकारी गराउँदछु ।

९ आर्थिक वर्ष २०६७।६८ मा मुलुकको समग्र आर्थिक स्थिति त्यति सन्तोषजनक रहेको छैन । आर्थिक वृद्धिदर लक्ष्यभन्दा न्यून छ भने मुद्रास्फीति दर उच्च रहेको छ । भुक्तानी सन्तुलन

घाटामा छ । बैकिङ्ग क्षेत्रमा तरलताको अभावले ब्याजदर उच्च छ । तथापि, सरकारी वित्त स्थिति भने सन्तुलित नै छ ।

१० चालू आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादन ४.५ प्रतिशतले बढ्ने लक्ष्य लिइएकोमा ३.५ देखि ४ प्रतिशतको हाराहारीमा रहने संशोधित अनुमान छ । कृषि क्षेत्रको वृद्धिदर उत्साहवर्द्धक रहेता पनि गैरकृषि क्षेत्रको वृद्धिदर निराशाजनक छ ।

११ आर्थिक वर्ष २०६५।६६ देखि मुद्रास्फीति दुई अंकले बढिरहेकोमा २०६८ बैशाख महिनामा एकल अंकमा झरेको छ । आर्थिक वर्ष २०६५।६६ मा १३.२ प्रतिशतले बढेको मुद्रास्फीति २०६६।६७ मा १०.५ प्रतिशतले र चालू वर्षको बैशाखमा ९.५ प्रतिशतले बढेको छ । यो आर्थिक वर्षमा मूल्यवृद्धि ७ प्रतिशतमा सीमित गर्ने लक्ष्य लिइएको थियो ।

१२ नेपाली अर्थतन्त्रले आर्थिक वर्ष २०५८।५९ पछि २०६६।६७ मा पहिलो पटक शोधनान्तर घाटा ब्यहोर्नु पर्‍यो । २०६७।६८ मा पनि स्थिति अनुकूल देखिदैन । २०६८ वैशाखमा शोधनान्तर स्थिति रु. ११ अर्ब ६७ करोडले घाटामा रहेको छ । गत वर्ष सोही अवधिमा यस्तो घाटा रु. १४ अर्ब ०३ करोड थियो । ब्यापार घाटा वृद्धि र विप्रेषणको वृद्धिदरमा ह्रास आएकोले नेपालको शोधनान्तर स्थिति चापमा परेको हो ।

१३ २०६८ बैशाखसम्म पेट्रोलियम पदार्थको आयात रु. ५९ अर्ब ५३ करोड पुगेको छ भने कुल निर्यात रु. ५२ अर्ब ६७ करोड मात्र छ । यसरी पेट्रोलियम पदार्थको आयात नेपालको भुक्तानी सन्तुलनको दृष्टिले जोखिमयुक्त र चुनौतीपूर्ण हुँदै आएको छ ।

१४ शोधनान्तर स्थितिमा चाप परेपनि बैंकिङ्ग प्रणालीको विदेशी मुद्रा संचिति अनुकूल अवस्थामै छ । २०६७ बैशाखमा यस्तो संचितिले ६.८ महिना बराबरको बस्तु तथा सेवाको आयात धान्ने क्षमता राखेकोमा २०६८ बैशाखमा यस्तो क्षमता सीमान्त बढेर ७.१ महिना पुगेको छ ।

१५ २०६८ असार ३ गतेको विवरण अनुसार नगद प्रवाहमा आधारित कुल सरकारी खर्च रु. २०९ अर्ब ८८ करोड पुगेको छ । यो खर्च गत आर्थिक वर्ष २०६६।६७ को यही अवधिको तुलनामा १५.८ प्रतिशतले बढी हो । यो मध्ये चालू खर्च रु. १३५ अर्ब ४४ करोड, पूँजीगत खर्च रु. ५७ अर्ब २७ करोड र सावाँ भुक्तानी रु. १७ अर्ब १७ करोड रहेको छ । यो अवधिमा कुल रु. १७६ अर्ब ६९ करोड राजस्व संकलन भएको छ । यो रकम गत आर्थिक वर्षको यही अवधिको तुलनामा १३.८ प्रतिशतले बढी हो । यही अवधिमा रु. १९ अर्ब आन्तरिक ऋण उठाइएको छ ।

**सम्माननीय सभामुख महोदय,**

१६ नेपाली जनताले वर्तमान सरकारबाट आर्थिक तथा सामाजिक क्षेत्रमा आमूल परिवर्तनको अपेक्षा राखेका छन् । जनताका यी अपेक्षा पूरा गर्न सकिने सम्भावना प्रशस्तै छ । तर विगतदेखिका नीतिगत तथा कार्यान्वयन प्रक्रियामा रहेका कमजोरीका कारण अर्थतन्त्रमा समस्या र चुनौती पनि त्यत्तिकै छन् । सरकारी तथा स्वदेशी र विदेशी निजी लगानी वृद्धि गरी अर्थतन्त्रलाई गतिशील तुल्याउनु अहिलेको प्रमुख चुनौती हो । समयमै बजेट नआउँदा पूँजीगत खर्च अपेक्षित मात्रामा हुन सकेको छैन । निजी क्षेत्रले अनुकूल लगानीको वातावरण माग गरिरहेको छ । उच्च ब्याजदरको कारण लगानी गर्ने पूँजीको लागत बढेको छ । साथै, विद्युत लोडसेडिङ्गको कारण उद्योग धन्दाहरु फस्टाउन सकेका छैनन् । जसले गर्दा एकातर्फ उत्पादन वृद्धिदर न्यून रहेको छ भने अर्कोतर्फ यही न्यून उत्पादनको वितरण पनि विभेदपूर्ण र असमान छ । उत्पादन लागतमा

वृद्धि र आपूर्तिजन्य समस्याका कारण देखिएको लगातारको उच्च मूल्य वृद्धि चुनौतीको रुपमा रहेको छ । श्रमको उत्पादकत्व न्यून छ । स्वदेश भित्र पर्याप्त रोजगारी सिर्जना हुन नसकेकोले लाखौ युवा विदेशिन वाध्य भएका छन् । प्रतिस्पर्धात्मक क्षमता कमजोर भएकोले निर्यातमा अपेक्षित सुधार आएको छैन । ब्यापार घाटाको आकार बढेको छ । बजारमा तरलता अभाव देखिएको छ भने पूँजी बजार ओरालो लागेको छ । बैंक तथा वित्तीय संस्था प्रतिको विश्वासमा कमी आएको अनुभव गरिएको छ ।

१७ अन्तर्राष्ट्रिय मूल्य अनुरुप पेट्रोलियम पदार्थको मूल्य समायोजन हुन नसक्दा नेपाल आयल निगमको घाटा बढिरहेको छ । सरकारले ऋण दिएर अथवा जमानी बसेर वित्तीय संस्थाबाट ऋण उपलब्ध गराइ पेट्रोलियम पदार्थको आपूर्ति भइरहेको छ । यो वर्ष सरकारले नेपाल आयल निगमलाई रु. २ अर्ब ६३ करोड ऋण दिईसकेको छ र उक्त निकायबाट थप ऋण मांग भैरहेको छ । साथै, निगमले कर्मचारी संचयकोष र नागरिक लगानी कोषबाट यसै वर्ष थप रु. ३ अर्ब ३० करोड ऋण लिइसकेको छ । बजेटमा ब्यवस्था नगरिएको यो रकम विकास बजेट कटौती गरेर ब्यहोर्नु परेको छ । नेपाल विद्युत प्राधिकरण पनि संकटग्रस्त छ । यी र यस्तै प्रकृतिका चुनौतीका पहाडहरु अर्थतन्त्रमा एकपछि अर्को देखापर्दै जानु निश्चय पनि सुखद पक्ष होइन । यसर्थ, यी चुनौतीहरुलाई सही ढंगले संबोधन गर्न पूर्ण आकारको बजेट समयमै ल्याउन लागिएको हो ।

**सम्माननीय सभामुख महोदय,**

१८ अब म आगामी आर्थिक वर्षको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

**बजेटको सोंच तथा आधारभूत सिद्धान्त**

१९ नेपालको अन्तरिम संविधान, २०६३ ले परिकल्पना गरेको आर्थिक तथा सामाजिक विकासको उद्देश्य हासिल गर्न जोड दिइनेछ । सरकारी, सहकारी र निजी क्षेत्रको सहभागितामा देशको अर्थतन्त्र संचालन गर्ने अन्तरिम संविधानको तीन खम्बे आर्थिक नीतिलाई जीवन्तता दिइनेछ । स्वाधीन, सवल र समृद्ध अर्थतन्त्र निर्माणमा टेवा पुग्ने गरी तीन वटै क्षेत्रको सहभागिता र समन्वयात्मक प्रयासमा आर्थिक क्रियाकलाप विस्तार गरिनेछ ।

२० त्रिवर्षीय योजनाले निर्धारण गरेको रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गरी गरीबी निवारण र दिगो शान्ति स्थापनामा सघाउ पु-याउदैं आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाइनेछ ।

२१ द्वन्द्वपीडित, सहिद तथा वेपत्ताका परिवारलाई राहत प्रदान गरिनुका साथै पुनर्स्थापन र पुनर्निर्माणको कार्यलाई तीब्रता दिइनेछ ।

२२ मुलुकबाट सामन्तवादका सबै अवशेषको अन्त्य गरी समुन्नत, स्वाधीन, आत्मनिर्भर, समृद्ध, आधुनिक, न्यायपूर्ण र समावेशी नयाँ नेपाल निर्माणको आधारशीला खडा गरिनेछ । समावेशी र सन्तुलित विकासका लागि स्रोत र साधनको न्यायोचित वितरणमा जोड दिई स्रोत साधन र विकासको प्रतिफलमा हिमाल, पहाड र तराईमा बस्ने निमुखा जनताको पहुँच सुनिश्चित गरिनेछ ।

२३ उत्पादन, रोजगारी, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पर्यावरण संरक्षणको दृष्टिले कृषिक्षेत्र अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । तर कृषि क्षेत्र लगानीको अभावले कुण्ठित छ । यसर्थ, कृषि क्षेत्रमा लगानी वृद्धिगरी यसको व्यवसायीकरण र आधुनिकीकरणमा जोड दिइनेछ ।

२४ सरकारको नियमनकारी, प्रवर्द्धनकारी र सहजकारी भूमिकालाई अझै सशक्त र प्रभावकारी बनाइनेछ ।

२५ सहकारीलाई अर्थतन्त्रको सार्थक खम्बाको रुपमा रुपान्तरण गरिनेछ । सताब्दीयौंदेखि राष्ट्रिय मूल प्रवाहबाट पछाडि पारिएका महिला, दलित, जनजाति, पिछडावर्ग, दुर्गम क्षेत्र, विपन्न मुसलमान, मधेशी वर्ग लगायतका विभिन्न समूह र समुदायलाई सहकारीमा आवद्ध गराई उनीहरुलाई महत्वपूर्ण उत्पादक शक्तिमा रुपान्तरण गरिनेछ ।

२६ निजी क्षेत्रको लगानीको लागि विश्वासको वातावरण तयार गर्न विशेष प्रयत्न गरिनेछ । निजी क्षेत्रलाई आर्थिक विकासको संवाहकको रुपमा विकसित गरिनेछ । औद्योगिक अशान्ति, ऊर्जा संकट, कर्जाको अभाव, प्रशासनिक ढिलासुस्ती, असुरक्षा जस्ता निजीक्षेत्रले भोग्दै आएका समस्याहरु समाधान गरी औद्योगिकीकरणलाई तीब्रता दिइनेछ ।

२७ मुलुकको भावी संघीय ढाँचालाई सघाउ पुग्ने गरी आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न ठूला भौतिक पूर्वाधारको निर्माणलाई तीब्रता दिइनेछ । ठूला भौतिक पूर्वाधार निर्माणमा सार्वजनिक–निजी साझेदारीको अवधारणा अनुरुप निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्न निर्माण–संचालन र हस्तान्तरण (बूट) अन्तर्गत लगानी गर्न प्रोत्साहन गरिनेछ ।

२८ ऊर्जा लगायत पूर्वाधार विकासका आयोजनाहरुमा निजी र विदेशी लगानीकर्ताहरुलाई आकर्षित गर्न विशेष सहुलियत प्याकेजहरु ल्याइनेछ । लगानी बोर्ड सम्वन्धी कानूनलाई व्यवस्थापिका–संसदबाट यथासिघ्र पारित गराई कार्यान्वयनमा ल्याइनेछ । बाणिज्य नीति, २०६५ र औद्योगिक नीति, २०६७ को प्रभावकारी कार्यान्वयन गरी निजी क्षेत्रलाई बढावा दिइनेछ ।

२९ आगामी आर्थिक वर्षदेखि जैविक इन्धन सम्वन्धी नीति तथा कार्ययोजना लागु गरी पेट्रोलियम पदार्थको आयातलाई क्रमशः प्रतिस्थापन गर्दै लगिनेछ ।

३० दुई ठूला उदीयमान र गतिशील छिमेकी भारत र चीनको उच्च आर्थिक विकासको लाभ लिन पूर्वाधार, उद्योग, सेवा र ब्यापार विस्तारमा तीब्रता दिइनेछ ।

३१ समष्टिगत आर्थिक स्थायित्व कायम राख्नका लागि बजेट घाटालाई निश्चित सीमा भित्र राखिनेछ । अनुत्पादक सरकारी खर्च कटौती गरी पूँजीगत खर्च बढाइनेछ । क्षेत्रीय सन्तुलन कायम हुने गरी बजेट विनियोजन गरिनेछ । आयोजनाहरुको कार्यान्वयन क्षमता बढाउन विशेष जोड दिइनेछ । आर्थिक अनुशासन, वित्तीय उत्तरदायित्व र पारदर्शीता अभिवृद्धि गर्न प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरिनेछ ।

३२ लगातार बढिरहेको मूल्य नियन्त्रण गर्ने मूल उद्देश्यका साथ मौद्रिक नीति कार्यान्वयन गरिनेछ । सार्वजनिक आपूर्ति प्रणालीलाई ब्यवस्थित गरिनेछ । सबै प्रकारका संगठित मूल्य मिलोमतोको अन्त्य गरिनेछ ।

३३ पारदर्शीता र उत्तरदायित्व अभिवृद्धि, दण्डहिनताको अन्त्य, कानूनी शासनको प्रत्याभूति र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गरी जनतालाई सुशासनको अनुभूति दिलाइनेछ ।

**बजेटको प्राथमिकता**

**सम्माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको बजेटको प्राथमिकतामा समावेश गरिने मुख्य नीति तथा कार्यक्रमको बारेमा प्रकाश पार्न चाहन्छु ।

३४ **विस्तृत शान्ति सम्झौताको कार्यान्वयन र संविधान निर्माण** : विस्तृत शान्ति सम्झौताको कार्यान्वयन गरी शान्ति प्रक्रियालाई पूर्णता दिनका लागि साधन र स्रोतको कमी हुन दिइने छैन । नेपाली जनताको बृहत्तर हित हुने गरी सहमतिमा नयाँ संविधान निर्माण गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न आवश्यक बजेट उपलब्ध गराइनेछ ।

३५ **सहिद तथा वेपत्ताका परिवारलाई राहत र पुनर्निर्माण तथा पुनर्स्थापना** : द्वन्द्वपीडित, सहिद तथा वेपत्ताका परिवारलाई राहत प्रदान गर्न उच्च प्राथमिकता दिइनेछ । द्वन्द्वकालमा भत्किएका भौतिक संरचनाहरुको पूनर्निर्माण तथा विस्थापितहरुको पुनर्स्थापना गर्ने कार्य प्रभावकारी ढंगमा अगाडि बढाइनेछ ।

३६ **आम जनतालाई राहत प्रदान गर्न सार्वजनिक सेवाहरुको भरपर्दो सुलभ र सहज आपूर्ति** : आपूर्ति प्रणाली र सेवा प्रवाहमा सुधार गरी मूल्यवृद्धि नियन्त्रणद्वारा जनतालाई राहतको अनुभूति दिलाइनेछ । दुर्गम क्षेत्रको खाद्यान्न सुरक्षामा विशेष ध्यान दिइनेछ । विद्युतको लोडसेडिङ्ग घटाउन विशेष प्रयत्न गरिनेछ । पेट्रोलियम पदार्थको आपूर्ति सहज तुल्याइनेछ । काठमाडौं उपत्यकाको व्यवस्थित सहरीकरण, खानेपानी आपूर्ति र ट्राफिक जाम हटाउन अल्पकालीन र दीर्घकालीन कार्यक्रम संचालन गरिनेछ ।

३७ **रोजगारी केन्द्रित फराकिलो आधार सहितको समावेशी र उच्च आर्थिक वृद्धि** : फराकिलो आधार सहितको समावेशी र उच्च आर्थिक वृद्धि हासिल गर्ने क्षेत्रमा लगानी वृद्धि गरिनेछ । थप रोजगारी सिर्जना हुने श्रममूलक आर्थिक क्रियाकलापहरुको विस्तारमा जोड दिइनेछ । युवा स्वरोजगार कार्यक्रमलाई विस्तार गरी प्रभावकारी ढंगमा सञ्चालन गरिनेछ। सीपमूलक तालिम कार्यक्रमलाई एकीकृत गरी ब्यापक रुपमा अगाडि बढाइनेछ । सामुदायीक, माध्यमिक र उच्च माध्यमिक विद्यालयहरुलाई प्राविधिक तथा ब्यावसायीक शिक्षा र सीपमूलक तालिम प्रदान गर्ने तर्फ अभिप्रेरित गरिनेछ । वैदेशिक रोजगारीलाई दक्ष, सुरक्षित एवं मर्यादित तुल्याउदै दुर्गम र विपन्न वर्गको पहुँच बढाइनेछ । विप्रेषण आयलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिनेछ ।

३८ **भौतिक एवं आर्थिक पूर्वाधारको विकास** : ठूला भौतिक तथा आर्थिक पूर्वाधारको निर्माणलाई तीब्रता दिइनेछ । रोजगारी सिर्जना, आर्थिक क्रियाकलापको विस्तार र सन्तुलित विकासको आधारशीलाको रुपमा रहेको सडक संजालको व्यापक विस्तार गरिनेछ । सन्तुलित र समतामूलक विकासको लागि ग्रामीण पूर्वाधारमा लगानी वृद्धि गरिनेछ। आगामी दुई वर्ष भित्र सबै जिल्ला सदरमुकामसम्म मोटरबाटो पुर्‍याइनेछ। २०६९ असार मसान्तसम्ममा मध्य पहाडी लोकमार्गको सबै खण्डमा ट्र्याक खोलिनेछ। काठमाडौं–तराई द्रूतमार्गको निमार्ण छिटो सम्पन्न गर्ने गरी कार्य अगाडि बढाइनेछ । संचालित अन्य आयोजनालाई छिटै सम्पन्न गर्नुका साथै संभाब्यताको आधारमा नयाँ सडक आयोजना शुरु गर्न आवश्यक स्रोत परिचालन गरिनेछ । पूर्वाधार निर्माण एवं मर्मतको गुणस्तर र मापदण्ड तोकिनेछ ।

३९ **विद्युत उत्पादन र प्रशारण लाईनको विस्तार** : विद्यमान ऊर्जासंकट निवारणका लागि हालै घोषित कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ । मध्य र दीर्घकालीन दृष्टिकोणले ऊर्जा समस्या हल गर्न केही मझौला तथा जलाशययुक्त ठूला जलविद्युत परियोजना प्रारम्भ गरिनेछ । निर्माणाधीन विद्युत आयोजनालाई छिटो सम्पन्न हुने गरी तीब्रता दिइनेछ । प्रशारण लाईनको विस्तार र मर्मत गरिनेछ । विद्युत चुहावट नियन्त्रणलाई प्राथमिकता दिइनेछ । ग्रामीण विद्युतीकरणलाई तीब्रता दिइनेछ । सौर्य लगायतका वैकल्पिक ऊर्जाको प्रवर्द्धनमा विशेष जोड दिइनेछ । जलविद्युत आयोजनाका लागि स्वदेशी तथा विदेशी पूँजी परिचालन गर्न ऊर्जा विकास बैंक स्थापना गरिनेछ । यसमा नेपाल सरकारले पूँजी लगानी गर्नुको साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्था र निजी लगानीकर्ताहरुलाई लगानी गर्न आह्वान गरिनेछ । नेपाल विद्युत प्राधिकरणको पूनर्संरचना गरी ब्यापक सुधार गरिनेछ ।

४० **कृषिको व्यवसायिकरण र आधुनिकीकरण** : खाद्य सुरक्षा, रोजगारी, आय आर्जन, निर्यात वृद्धि र आयात प्रतिस्थापन गर्न महत्वपूर्ण योगदान पुऱ्याउने गरी कृषि क्षेत्रको आधुनिकीकरण र ब्यवसायीकरणमा जोड दिइनेछ । निर्वाहमुखी खेतीलाई ब्यावसायीकरण गर्ने गरी कृषि क्षेत्रको विकासमा लगानी केन्द्रित गरिनेछ । रसायनिक एवं प्रांगारिक मल, बीउ तथा ढुवानीमा अनुदान वृद्धि गर्ने नीति लिइनेछ । सहकारी संघ/संस्थाहरुको साझेदारीमा कृषि फार्म स्थापना गर्न आवश्यक सहयोग उपलब्ध गराईनेछ । कृषि पकेट कार्यक्रम अन्तर्गत पकेट इलाकाहरु निर्धारण गरी मूल बीउ, बेर्ना तथा नर्सरीलाई प्रोत्साहित गरिनेछ । **एक गाउँ एक उत्पादन** कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ । पशुपालन तर्फ नश्लसुधार राष्ट्रिय अभियान संचालन गरिनेछ । पाँचै विकास क्षेत्रमा हावापानी अनुरुप जडीबुटीको उत्पादन, अनुसन्धान र प्रशोधनको लागि आवश्यक सहयोग गरिनेछ ।

४१ **भूमिसूधार कार्यक्रम** : विगतमा बनेका उच्चस्तरीय भूमिसुधार आयोगले दिएका सुझावहरुको क्रमशः कार्यान्वयन गरिनेछ । भूमिलाई उपयोगको आधारमा वर्गीकरण सम्पन्न गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४२ **सिंचाइ सुविधा विस्तार** : सिंचाइ सुविधा बढाउन सतह तथा भूमिगत जलस्रोतको अधिकतम उपयोग गर्न सिंचाइका कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गरिनेछ । निर्माणाधीन ठूला सिंचाइ आयोजना छिटो सम्पन्न गर्न निर्माण कार्यलाई तीब्रता दिइनेछ । तराई मधेशमा स्यालो टयुववेल र पहाडी क्षेत्रमा पोखरी तथा नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको प्रवर्द्धन गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नदी नियन्त्रण र सिंचाइ सेवा विस्तार गर्न तटवन्ध निर्माण कार्य अभियानको रुपमा संचालन गरिनेछ ।

४३ **सहकारी प्रवर्द्धन र विस्तार** : कृषि उत्पादन वृद्धि, प्रशोधन र बजारीकरण प्रणालीमा सहकारीलाई अभियानको रुपमा संचालन गरी कम्तिमा तीन वर्षभित्र खाद्यान्न, माछामासु, तरकारी, फलफुल र दुग्ध पदार्थमा आत्मनिर्भरता हासिल गरी आयात प्रतिस्थापन गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ । **गाउँ गाउँमा सहकारी घरघरमा रोजगारी** कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा अगाडि बढाइनेछ । खसी, बोका, बंगुर, राँगा र माछापालन ब्यवसाय संचालन गर्ने सहकारीमा आबद्ध गरीबीको रेखामुनी रहेका अति विपन्न परिवारलाई आवश्यक सहयोग उपलब्ध गराईनेछ । जडीबुटी उत्पादन तथा प्रशोधन, तरकारी तथा फलफूल खेती गर्ने किसानहरुको समूह, साना चिया प्रशोधन र कफी तथा अलैंची उत्पादन गर्ने किसानहरुको सहकारी, साना किसानहरुको सहकारी खेती प्रणाली, पशुपालन र बजार प्रवर्द्धनको लागि

आवश्यक सहयोग उपलब्ध गराईनेछ । हिमाली क्षेत्रमा पशुपालन र जडीबुटी खेती गर्ने किसानको समुहलाई प्रोत्साहित गरिनेछ ।

४४ **सामाजिक विकास** : सामाजिक क्षेत्रको विकासलाई प्राथमिकता दिइनेछ । शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई जस्ता सामाजिक विकासका आधारभूत क्षेत्रहरुमा लगानी वृद्धि गरिनेछ । प्राथमिक र आधारभूत स्वास्थ्य सेवालाई स्पष्ट रुपमा परिभाषित गरी क्रमशः निःशुल्क बनाउदै लगिनेछ । विशेषज्ञ सेवामा जनताको पहुँच बृद्धि गर्न स्वास्थ्य बीमा कार्यक्रम शुरु गरिनेछ । सरकारी र सामुदायिक स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धिगरी सेवाको गुणस्तर बढाइनेछ । आधारभूत शिक्षालाई क्रमशः अनिवार्य बनाउँदै गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नेगरी कार्यक्रम संचालन गरिनेछ । साक्षरता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरी तीन वर्षभित्र निरक्षरता उन्मुलन गरिनेछ । सबै नेपालीलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध हुन सक्नेगरी कार्यक्रम सञ्चालन गरिनेछ ।

४५ **पर्यटन प्रवर्द्धन** : पर्यटनलाई आम नेपालीको आय तथा रोजगारीको प्रमुख क्षेत्रको रुपमा विकास गर्न पूर्वाधार निर्माण, तालिम तथा सेवाको स्तरवृद्धि गर्न जोड दिइनेछ । नेपालका पूर्वदेखि पश्चिम र हिमालदेखि तराईसम्म सबै क्षेत्रमा पर्यटन प्रवर्द्धनको व्यापक संभावना भएकोले त्यसलाई संस्थागत रुपमा अगाडि बढाउन विभिन्न क्षेत्रको अलग अलग पहिचान र विशेषता झल्कने गरी पर्यटन क्षेत्रको रुपमा विकसित गरिनेछ । पर्यटन वर्ष, २०११ अन्तर्गत घोषित कार्यक्रमहरुको कार्यान्वयनलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । वाराको निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको कार्य निर्माण–संचालन र हस्तान्तरण (बूट) अन्तर्गत निर्माण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई आह्वान गरिनेछ । निर्माणाधीन विमानस्थलको निर्माणकार्य सम्पन्न गर्दै संचालित विमानस्थलहरुको मर्मत र स्तरोन्नतिमा जोड दिइनेछ ।

४६ **निजीक्षेत्रको विकास, लगानीको वातावरणमा सुधार र औद्योगिक पुनरुत्थान** : अर्थतन्त्रको औद्योगीकरण, आधुनिकीकरण, आर्थिक वृद्धि, रोजगारी सिर्जना, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन एवं पूँजी निर्माण गर्न सक्षम, प्रतिस्पर्धी, स्वच्छ, पारदर्शी एवं आत्मविश्वासयुक्त निजी क्षेत्रको विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । तीब्र आर्थिक वृद्धिका लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न, ब्यवसायको लागत घटाउन र अर्थतन्त्रमा विश्वासको बातावरण सिर्जना गर्न विशेष जोड दिइनेछ । निजी क्षेत्रको लगानी बढाउन विद्यमान सबैखालका अवरोधहरु हटाई लगानी–मैत्री बातावरण निर्माण गरिनेछ । लगानीको सुरक्षा, व्यवसाय–मैत्री कर प्रणाली, सीमा क्षेत्रको अबैध ब्यापारको नियन्त्रणलाई सुनिश्चितता प्रदान गरिनेछ । त्यसैगरी औद्योगिक शान्ति, अन्यक्षेत्रसँगको समन्वय तथा रुग्ण उद्योगको पुनरुत्थान गरी औद्योगिकीकरणलाई तीब्रता दिइनेछ । रोजगारदाता, श्रमिक वर्ग र सबै सरोकारवालालाई संलग्न गराई सबै पक्षको समन्वयमा सबैको पारस्परिक हित हुनेगरी सहमतिको आधारमा औद्योगिक क्षेत्रलाई शान्ति क्षेत्र बनाउन पहल गरिनेछ ।

४७ **निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन** : निर्यात वृद्धि र आयात प्रतिस्थापन गर्न सरोकारबाला उद्योगी–व्यवसायीसँगको साझेदारीमा विशेष कार्यक्रम संचालन गरिनेछ । चालूवर्षदेखि शुरु गरिएको निर्यात प्रवर्द्धन अनुदानलाई थप व्यवस्थित गरी निर्यातकर्ताहरुलाई उत्प्रेरित गरिनेछ । विशेष आर्थिक क्षेत्र (सेज) सम्बन्धी कानून पारित गरी पूर्वाधार तयार भएका विशेष आर्थिक क्षेत्रको संचालन शुरु गरिनेछ । साथै, निर्यात गृहहरु संचालनमा ल्याइनेछ ।

४८ **ग्रामीण पूर्वाधार तथा नमूना गाउँ** : स्थानीयस्तरमा स–साना पूर्वाधार निर्माणको कार्यलाई तीब्रता दिइनेछ । स्थानीय जनता र सरकारको लागत सहभागितामा ग्रामीण विद्युतीकरण, कुलो, बाटो, स्कुल, स्वास्थ्य चौकी लगायतका साना र मझौला पूर्वाधार निर्माणको कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ । प्रत्येक जिल्लामा क्रमशः कम्तिमा एउटा **नमूना गाउँ कार्यक्रम** अन्तर्गत आवश्यक सबै सुविधा र पूर्वाधार उपलब्ध गराइने तर्फ पहल गरिनेछ ।

४९ सहरी क्षेत्रमा सरकार, स्थानीय निकाय र समुदायको साझेदारीको आधारमा सडक स्तरोन्नति, खानेपानी, र सरसफाई लगायतका भौतिक पूर्वाधारको निर्माण र मर्मत गर्दै लगिनेछ ।

५० विगतमा शुरु गरिएको **"आफ्नो गाउँ आफैं बनाउँ"** कार्यक्रममा देखिएका केही समस्याहरुलाई सम्वोधन गरी यस अभियानलाई अझै प्रभावकारी बनाइनेछ । जिल्लामा जाने बजेटको पूरै सदुपयोग हुने वातावरण तयार गर्नका लागि प्रशासनिक एवं राजनीतिक संयन्त्रलाई सशक्त बनाइनेछ । केन्द्रीय तथा स्थानीयस्तरको अनुगमनलाई तीब्रता दिइनेछ ।

५१ सबै जिल्ला र विकास क्षेत्रको दीर्घकालीन विकास गुरुयोजना बनाउने राष्ट्रिय नीति अवलम्बन गरी त्यस्तो गुरुयोजना क्रमशः तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५२ **सामाजिक सुरक्षा** : सम्पूर्ण नेपालीका बीचमा अत्यन्त लोकप्रिय रहेको सामाजिक सुरक्षा कार्यक्रमलाई थप विस्तार गरिनेछ । सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत प्रदान गरिनेछ । यसको दुरुपयोग नियन्त्रण गर्न प्रभावकारी अनुगमन गरिनेछ । दुर्गम क्षेत्र र विपन्न परिवारका बालबालिकाको पोषण सुरक्षाका लागि विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५३ **पिछडिएको क्षेत्र लगायत अति विकट क्षेत्र विकास र लक्षित कार्यक्रम**: कर्णालीमा कार्यान्वयनमा रहेको **एक परिवार एक रोजगार** कार्यक्रमलाई निरन्तरता दिइनेछ । मानव विकास सूचकांकको आधारमा पछाडि परेका अन्य जिल्लाहरुमा पनि यो कार्यक्रम विस्तार गर्न अध्ययन गरिनेछ । समावेशी विकासको लागि मूल प्रवाहबाट पछाडि पारिएका आदिवासी–जनजाति, थारु, मधेशी, दलित, मुसलमान, पिछडावर्ग, लोपोन्मुख जाती, उत्पीडित, विपन्न वर्ग, अपाङ्गता भएका ब्यक्ति, महिला तथा पिछडिएका क्षेत्रका जनताको सशक्तिकरण, शिक्षा, स्वास्थ्य, रोजगारी र आय आर्जनका लागि उच्च प्राथमिकताका साथ विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । तराई–मधेशका दलित, पिछडावर्ग, बादी, विपन्न मुसलमान तथा चेपाङ्ग, राउटे, लगायतका लोपोन्मूखजातीलाई लक्षित गरी जनता आवास योजनालाई विस्तार गरिनेछ ।

५४ **संचार** : विश्वव्यापी सूचना प्रविधिको पहुँचका लागि संचार क्षेत्रको विकासमा जोड दिइनेछ । संचारकर्मीको क्षमता अभिवृद्धि गर्न आधुनिक सुविधायुक्त संचार प्रतिष्ठानको स्थापना गरिनेछ । सञ्चारकर्मीको सुरक्षामा विशेष ध्यान दिइनेछ । दूर संचार, रेडियो तथा टेलिभिजन प्रसारण र इन्टरनेट सेवामा आम जनताको पहुँच सुनिश्चित गरिनेछ । दूर दराजमा रहेका गाउँमा प्रभावकारी दूर संचार सेवा उपलब्ध गराउन अप्टिकल फाइवर विछ्याउने कार्यलाई तीब्रता दिइनेछ । नेपाल दूरसंचार कम्पनीको सेवाको गुणस्तर बढाई यसको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न समसामयिक सुधार गरिनेछ । सार्वजनिक सञ्चार माध्यमहरुको सुधार र सुदृढीकरण गरी व्यवसायिक र आत्मनिर्भर बनाइनेछ ।

५५ **वन संरक्षण तथा विकास** : वनजंगलको संरक्षण, विकास र व्यवसायिक प्रयोगलाई प्राथमिकता दिइनेछ । वनमा आधारित हरित रोजगारीलाई बढावा दिइनेछ ।

५६ नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिक, साहित्यिक र आर्थिक क्षेत्रमा विशिष्ट योगदान दिने राष्ट्रिय व्यक्तित्वहरुको नाममा विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

५७ **साहित्य, कला र संस्कृतिको प्रवर्द्धन** : सबै भाषा र साहित्यको प्रवर्द्धन तथा सबै जातजातीको कला र संस्कृतिको संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

५८ **सुशासन र सेवा प्रवाहमा सुधार** : सेवा प्रवाहमा सुधार र शान्ति सुरक्षा प्रदान गरी **सरल एवं उत्तरदायी प्रशासन र प्रभावकारी सुरक्षा**को प्रत्याभूति दिइनेछ । सरकारप्रति जनविश्वास वृद्धि गर्नुका साथै उत्तरदायी सरकारको अनुभूति दिलाइ सुशासन प्रवर्द्धन गरिनेछ । ढिलासुस्ती, दण्डहीनता र भ्रष्टाचारको अन्त्य गर्न सशक्त कार्यक्रम संचालन गरिनेछ ।

५९ **वित्तीय क्षेत्रको सुधार र वित्तीय सेवामा पहुँच अभिवृद्धि** : बैंक तथा वित्तीय संस्थाप्रतिको विश्वसनीयता अभिवृद्धि गर्न वित्तीय क्षेत्रका नियामक निकायहरुको नियमन, अनुगमन र सुपरिवेक्षण क्षमता विस्तार गरी समग्र बैंकिङ्ग तथा वित्तीय क्षेत्रको नियमनलाई थप सशक्त बनाइ वित्तीय सुशासन कायम गरिनेछ । आम जनसमूदायको बैंक तथा वित्तीय संस्थामा विश्वास जगाउन र बैंकिङ्ग क्षेत्रमा तरलता अभाव हटाउन विशेष कार्यक्रम संचालन गरिनेछ । बैंक तथा वित्तीय संस्थालाई एकआपसमा गाभिन प्रोत्साहन गरिनेछ । ग्रामीण क्षेत्रमा वित्तीय सेवा थप विस्तार गरिनेछ । गाउँ तथा सहरमा रहेका बेरोजगार युवालाई युवा स्वरोजगार कार्यक्रम मार्फत वित्तीय सहायता प्रदान गरिनेछ । साना निक्षेपकर्ताको निक्षेपको सुरक्षाको लागि निक्षेप बीमा गर्नुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६० **बजेट कार्यान्वयन, अनुगमन र मूल्यांकन** : आगामी आर्थिक वर्षमा बजेट कार्यान्वयन गर्न विशेष जोड दिइनेछ । कार्यान्वयन क्षमता वृद्धि, आयोजना व्यवस्थापन सुधार र अनुगमन तथा मूल्यांकनलाई थप सुदृढ र प्रभावकारी बनाइ विकास आयोजनाहरु निर्धारित लागत र समयमा सम्पन्न गर्न जोड दिइनेछ । आर्थिक अनुशासन कायम राख्न सबै निकायहरुको भूमिका प्रभावकारी बनाइनेछ । सरकारी बजेट व्यवस्थापन तथा खर्च पुनरावलोकन आयोगका सुझावहरु क्रमशः लागु गर्दै लगिनेछ ।

६१ **वैदेशिक सहायता परिचालन** : वैदेशिक सहायताको परिचालनलाई प्रभावकारी बनाइनेछ । विद्यमान वैदेशिक सहायता नीतिमा समयानुकूल परिमार्जन गरिनेछ । नेपालको बजेट प्रणाली र अन्य राष्ट्रिय प्रणालीहरु भन्दा बाहिरबाट कार्यान्वयन हुने कुनै पनि प्रकारका वैदेशिक सहायता नेपाल सरकारले स्वीकार नगर्ने नीति लिइनेछ ।

६२ **वित्तीय सन्तुलन** : बजेट घाटालाई निश्चित सीमाभित्र राखी वित्तीय सन्तुलन कायम राख्न राजस्व परिचालनमा विशेष जोड दिइनेछ । राजस्व प्रशासनको प्रभावकारीता अभिवृद्धि गर्न राजस्व बोर्ड गठन गरिनेछ । करको दायरा विस्तार, चुहावट नियन्त्रण, प्रशासनिक सुदृढीकरण, कर प्रणालीमा सुधार तथा करदाता शिक्षा र करदाताको स्वयं सहभागिता अभिवृद्धि जस्ता कार्यक्रम संचालन गरिनेछ । निजी क्षेत्रमा जाने कर्जा संकुचन नहुने र वित्तीय सन्तुलन नखलवलिने गरी आन्तरिक ऋणलाई बान्छित सीमाभित्र राखिनेछ ।

**सम्माननीय सभामुख महोदय,**

६३ न्यून आर्थिक वृद्धि, असमानता र विभेद, उच्च मूल्य वृद्धि, ह्रासोन्मुख कृषि र औद्योगिक उत्पादकत्व, बेरोजगारी, ब्यापार तथा शोधनान्तर घाटा, तरलता अभाव र पूँजीबजारमा

देखिएका समस्या अहिलेका अर्थतन्त्रका प्रमुख चुनौतीहरु हुन् । यी चुनौतीहरुलाई सम्बोधन गरी समृद्ध, आधुनिक र न्यायपूर्ण नेपालको आधारशीला खडा गर्ने क्रममा कृषि र औद्योगिक उत्पादन वृद्धिगर्न सहयोग पुग्ने गरी आगामी आर्थिक वर्षको बजेटले अवलम्बन गर्नुपर्ने सिद्धान्त र प्राथमिकता निर्धारण गरिएको जानकारी गराउन चाहन्छु । यसर्थ, आगामी वर्षको बजेट मूलतः उत्पादनवृद्धि र पूँजी निर्माणमा केन्द्रित हुने विश्वास दिलाउन चाहन्छु । साथै, आगामी आर्थिक वर्षको बजेटबाट जनताले तात्कालिकरुपमा राहतको अनुभूति गर्न सक्ने अपेक्षा गरेको छु । मैले प्रस्तुत गरेका सिद्धान्त र प्राथमिकता उपर माननीय सभासदज्यूहरुले गहन छलफल गरी दिनुहुने सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएर आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । आगामी आर्थिक वर्षको बजेटलाई सबै नेपालीले आफ्नो बजेटको रुपमा ग्रहण गर्ने र आर्थिक क्रान्तिको आधारशीला खडा गर्दै आम नेपालीले भोग्दै आएका समस्या समाधान गर्ने बाटोमा महत्वपूर्ण योगदान पुऱ्याउने गरी सुझाव प्राप्त हुने अपेक्षा गरेको छु ।

६४ चालु आर्थिक वर्षको बजेट कार्यान्वयन र आगामी आर्थिक वर्षको बजेट निर्माणमा सघाउ पुऱ्याउनु हुने व्यवस्थापिका–संसदका माननीय सभासदज्यूहरु, राजनीतिक दल, नागरिक समाज, करदाता, व्यवसायिक संघ संस्था, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत आम नागरिकलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, नेपालको आर्थिक–सामाजिक विकासमा सहयोग पुऱ्याउने मित्रराष्ट्र तथा दातृ निकायहरुलाई धन्यवाद दिंदै भविष्यमा थप सहयोग प्राप्त भैरहने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद ।**